षडानन्द नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दिङ्ला, भोजपुर
कोशी प्रदेश, नेपाल

नदिजन्य पदार्थ (ढुङ्गा, गिटी, बालुवा) संकलन, उत्खनन् तथा बिक्री कर संकलन गर्ने कार्यको बोलपत्र सम्बन्धी सूचना !

तेस्रो पटक प्रकाशित मिति २०८१/०८/१८

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क. र कोशी प्रदेश आर्थिक ऐन, २०८१ को दफा ७ (२) को व्यवस्था बमोजिम तपशिलमा उल्लिखित नदीको स्वीकृत घाटहरूबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी प्रदेशले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुकफर्म वा कम्पनीहरूले फर्मको नविकरण भएको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, आ.ब.२०८०/०८१ को कर चुक्ता वा म्याद थप प्रमाणपत्र र नेपाली नागारिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरू संलग्न गरी तपशिल बमोजिमका शर्तहरूको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपशिलः

सि. नं	सूचना नं./बोलपत्र नं.	बोलपत्रको नाम	उत्खनन परिमाण (घन.फिट)	न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मु.अ.कर बाहेक)	धरौटी रकम रू.	बोलपत्र दस्तुर रू.
		Internal revenue collection and sale of River based materials (Stone, Gravel, Aggregate and Sand) of Arun River in Shadananda Municipality, Bhojpur.				
१	SM/SQ/Rajaswa/ 01/2081/82	मजुवाबेसि अरुण नदि आसपास	Stone, Gravel, Aggregate: 101,707.20 Cu ft Sand: 25,426.80 Cu ft	864,511.20	२८,०००।-	१,०००।-
२	SM/SQ/Rajaswa/ 02/2081/82	सतिघाट अरुण नदि आसपास	Stone, Gravel, Aggregate: 88,052.07 Cu ft Sand: 88,052.07 Cu ft	11,44,676.86	३५,०००।-	१,०००।-
३	SM/SQ/Rajaswa/ 03/2081/82	लम्सुवा घाट र खकुवा दोभान अरुण नदि आसपास	Stone, Gravel, Aggregate: 108,110.99 Cu ft Sand: 70,818.35 Cu ft	11,81,686.98	३८,०००।-	१,०००।-
४	SM/SQ/Rajaswa/ 04/2081/82	रेवा दोभान अरुण नदि आसपास	Stone, Gravel, Aggregate: 63,284.48 Cu ft Sand: 15821.12 Cu ft	537,918.08	१५,०००।-	१,०००।-

शर्तहरूः

१. फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, आ.ब.२०८०/०८१ को कर चुक्ता प्रमाणपत्र वा म्याद थप को प्रमाणित प्रतिलिपी र राष्ट्रिय बाणिज्य बैंक लि.शाखा कार्यालय दिङ्लामा रहेको यस कार्यालयको खाता नं. २२९०१००३०१०१०००२ (ग १.१ आन्तरिक राजश्व खाता) मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना तेस्रो पटक प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र **www.bolpatra.gov.np/egp** बाट बोलपत्र फारम खरिद गर्न सकिनेछ।साथै बोलपत्र दाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको **www.bolpatra.gov.np/egp** बाट बोलपत्र सम्बन्धी कागजातहारू डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ ।तोकिएको बोलपत्र दस्तुर यस कार्यायलको बैंक खातामा माथि उल्लिखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नु पर्नेछ ।बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो लगत्तै पछिको कार्यालय खोल्ने दिन उल्लिखित कार्य हुनेछ ।

२. बोलपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।माथि उल्लिखित धरौटी रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक लि.शाखा कार्यालय दिङ्लामा रहेको यस कार्यालयको खाता नं. २२९०१००३०३०००००२ मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंक बाट इजाजत प्राप्त क बर्गको बैंक बाट यस कार्यायलको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी ७५ दिनको म्याद सहित जारी गरिएको विड वण्ड स्क्यान गरी E-bidding मार्फत पेश गर्नु पर्नेछ ।

३.खरिद गरेको बोलपत्र फारामहरूमा उल्लेख भएका सबै विवरणहरू भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी तेस्रो पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२.०० बजे भित्र विधुतीय माध्यमद्वारा अपलोड गर्नु पर्ने छ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइने छैन ।रीत पूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरू पेश गर्ने अन्तिम दिनको १.०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधीहरूको रोहोवरमा यस कार्यालयमा खोलिनेछ ।साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन ।उक्त दिन विदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फारममा उल्लेख गरिएको हुदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन ।बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

प्रमुख प्रशासकीय अधिकृत